# खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक

# प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

आ.व. २०८१/०८२

मिति २०८१ फाल्गुन ०४ गते, बि गाउँ, बाँके




*सार्वजनिक सुनुवाई कार्यक्रममा आफ्नो भनाई तथा उठेका सवालको जवाफ राख्दै खजुरा गाउँपालिका अध्यक्ष श्री डम्बर बहादुर बि.क.ज्यू*

**सहजीकरण :**

**उत्पीडित सामुदायिक विकास केन्द्र, बाँके**

**(OCDC,Banke)**

कोहलपुर ११, बाँके

फोन नं. : ०८१-५४०२७७

ईमेल :ocdcmidwest@gmail.com

**आयोजक :**

**खजुरा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

मानपुर, बाँके

(लुम्बिनी प्रदेश),नेपाल

# खजुरा गाउँपालिकाको
# प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**१.पृष्ठभुमि :** राज्य संचालनको गुणस्तरीयताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेही भएर उनीहरुको सवाल, समस्या र सरोकारहरुलाई यथोचित्त रुपमा सम्बोधन गर्नु पर्दछ । सार्वजनिक संस्थाका पदाधिकारीहरुले कसरी र कुन तौर तरिकाले काम गरिरहेका छन् भनेर नागरिकले चासो एवं निगरानी गरिरहेका हुन्छन् । त्यसैले राज्यका हरेक निकाय र संयन्त्रबाट नागरिकलाई प्रदान गरिने सेवा प्रभाह, सुविधा र विकास निर्माणको वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पदधारण गरेका हरेक पदाधिकारीहरुको जवाफदेही भित्र पर्दछ । यस्तो जवाफदेहिता अख्तियारप्राप्त पदाधिकारी र कार्यालयबाट सेवा प्राप्त गरेका सेवाग्राही नागरिकका विच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ । त्यसैगरी जवाफदेहि पदाधिकारीहरुले गर्ने गतिविधीका वारेमा आम नागरिकहरुले गुण र दोषका आधारमा मुल्याङ्कन गर्न पाउनु पर्छ । यो लोकतान्त्रीक मुलुकका नागरिकको नैर्सगिक अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका पदाधिकारीहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकी प्रश्नोत्तर गर्ने, गुनासा र सवालहरु राख्ने र रचनात्मक सुझावहरु दिने सामुदायिक साझा मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले नागरिकहरुमा स्थानीय सरकारले नागरिकहरुलाई प्रदान गरेको र गरिरहेको सेवा प्रभाव एवं विकास निर्माण सम्बन्धी कामहरुको गुणस्तर कायम राख्न, सेवा प्रवाहमा रहेका खाडललाई पुरा गर्न तथा पालिका र वडा कार्यालय मार्फत भएका विकास योजना प्रति आम नागरिकको अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिता र जवाफदेहिताको प्रभावकारी अभ्यास गर्दै सुशासन कायम गर्नमा रचनात्मक भूमिका निर्वाह गर्दछ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा मिति २०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एक आपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको थियो । पाँच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाईको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमले सर्वसाधारण नागरीकलाई अधिकारमा बसेका पदाधिकारीहरुको नजिक पुग्ने र आफ्ना असन्तुष्टी, गुनासा र सुझावहरु राख्ने अवसर प्रदान गर्ने भएकोले यसलाई **"सर्वसाधारणको पहुँच, अधिकारमा बस्नेहरु सम्म"** पनि भन्ने गरिन्छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले मिति २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धी निर्देशिका नै बनाएर यस कार्यलाई संस्थागत गरेको पाईन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०) को उपदाफा (१) मा सार्वजनिक सुनुवाई गराउनु पर्ने, सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४/४ महिनामा कम्तीमा एउटा सुनुवाई गर्नुपर्ने, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ ( नमुना) निर्माण  र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा भएको व्यवस्था अनुसार हरेक स्थानीय तहले सम्पादन गरेका काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन, सर्वसाधारण तथा सरोकारवालाहरुको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न र कार्यालयको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनकि सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने नीतिगत ब्यवस्था गरेको छ । सोहि कुरालाई मध्येनजर गर्दै खजुरा गाउँपालीकाको आयोजना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) सहजीकरणमा खजुरा गाउँपालीकाको आर्थिक वर्ष २०८१/०८२ को प्रथमचौमासिक अवधिमा संचालन गरेका विकास निमार्ण कार्यको गुणस्तरीयता र कार्यालयबाट प्रबाह गरिएको सेवा सुविधाको प्रभावकारिताबारे खजुरा गाउँपालिका वडा नम्बर ३ बि गाउँस्थित नयाँ प्रशासनीक भवनको प्राङ्गणमा  १४१ बढी नागरिकहरुको सहभागीतामा मिति २०८१ साल फाल्गुन ०४ गतेका दिन प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।

**२.कार्यक्रमका उद्धेश्यहरु :**

१. खजुरा गाउँपालिका, विषयगत शाखा र सबै वडा कार्यालयले सम्पादन गरेका काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन तथा सर्वसाधारण तथा सरोकारवालाहरुको कानून सम्मत सरोकारलाई सम्बोधन गर्ने ।

२. खजुरा गाउँपालिकाको काम कारबाही, विकास निर्माण र भएको प्रगति बारे आमनागरिकहरुलाई जानकारी प्रदान गर्ने ।

३. खजुरा गाउँपालिकाले प्रदान गरेका सेवा प्रवाह र विकास निर्माणसँग सम्बन्धित समस्या, गुनासो र सुझावहरुको सुनुवाई गरी सोको व्यवस्थापन एवं उचित सम्बोधन गर्ने ।

४. खजुरा गाउँपालिकाको समग्र विकास र समृद्धिका बारेमा आम नागरिकहरुबाट पृष्टपोषण लिने ।

५.खजुरा गाउँपालिकालाई पारदर्शी, जवाफदेही र सुशासनयुक्त पालिका बनाउने ।

**३. सम्पन्न क्रियाकलापहरु/गतिविधिहरु :** खजुरा गाउँपालिकाको प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०) को उपदाफा (१), सुशासन नियमावली, २०६५ को नियम १९, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमुना) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को (५) बमोजिम प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दा तपसिलका क्रियाकलापहरु/गतिविधिहरु सम्पन्न गरिएको थियो ।

**३.१ ऐन, नियम, निर्देशिका र कार्यविधिहरुको अध्ययन** : गाउँपालिका र वडा कार्यालयहरुले प्रवाह गर्ने वस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ति कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न नगरपालिका र वडा कार्यालयहरुका लागि कस्ता कस्ता खालका ऐन, नियम, निर्देशिका, कार्यविधिहरु लागु भएका छन् । माथिल्लो निकायका परिपत्रबाट पनि सेवा प्रदान र कार्य संचालनका लागि के कस्ता निर्देशन जारी भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने अध्ययन गरि नगरपालिका, वडा कार्यालयहरु तथा अन्य सेवा प्रदायक कार्यालयहरुले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् सो को तुलना गरी छलफल गर्नका लागि ऐन नियम र निर्देशिकाको अध्ययन गरी प्रावधान पत्ता लगाईएको थियो ।

**३.२ सेवाग्राही बहिर्गमन अभिमत (Exit Poll) :** गाउँपालिका, वडा कार्यालय तथा अन्य सेवाप्रदायक कार्यालयहरु : कृषि विकास शाखा, पशु सेवा शाखा, स्वास्थ्य शाखा, शिक्षा युवा तथा खेलकूद विकास शाखा, महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा, रोजगार शाखा, योजना शाखा आदिबाट सेवाग्राहीले सेवा सुविधा लिएर कार्यालयबाट बाहिर आए पछिको समयमा उनिहरुले लिएको सेवा सुविधाको विषयमा ७५ जना सेवाग्राहीको अभिमत, प्रतिक्रिया वा सुझाव संकलन गरिएको थियो ।

**३.३ नागरिक प्रतिवेदन पत्र (सन्तुष्टि वा असन्तुष्टि जनाउने) (Citizen Report Chart)** ः आम खजुराबासी नागरिकहरु तथा सरोकारवालाहरुले गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयले प्रदान गरेको सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरियताका सम्वन्धमा सबै वडाका ७५ जनासँग नागरिक प्रतिवेदन पत्र ( सन्तुष्टि वा असन्तुष्टि जनाउने) मार्फत अभिमत संकलन गरिएको थियो । जसबाट नागरिकले विभिन्न विषयमा प्रदान गरेको अभिमत, सुझाव र पृष्ठपोषणलाईलाई विश्लेषण गरी सार्वजनिक सुनुवाई कार्यक्रमका लागि प्रमुख सवालहरुको रुपमा पहिचान गरिएको थियो ।

**३.४ सार्वजनिक सुनुवाईको कार्यक्रमको मिति, समय र स्थान निर्धारण :** खजुरा गाउँपालिकाका अध्यक्ष श्री डम्मर बहादुर वि.क., उपाध्यक्ष श्री मञ्जु मल्ल र प्रमुख प्रशासकीय अधिकृत श्री बस बहादुर राना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) ,बाँकेका प्रतिनिधि विच छलफल पश्चात खजुरा गाउँपालिकाको वडा नं.०३ स्थित नवनिर्मित पालिकाको प्रशासकीय भवनको खुल्ला मैदानमा २०८१ साल फाल्गुन ०४ गते आइतबारका दिन दिउँसो २:३० बजे प्रथम सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने गरी मिति, समय र स्थानको निर्धारण गरिएको थियो ।

**३.५ सार्वजनिक सुनुवाईको कार्यक्रमको लागि सूचना सम्प्रेषण, प्रचार-प्रसार र पत्राचार :** खजुरा गाउँपालिकाको प्रथम सार्वजनिक सुनुवाई हुने सम्बन्धमा खजुरा गाउँपालिकाबासी आमनागरिक, संचार जगत , राजनीतिक दल, शिक्षक, युवा क्लब, खेलाडी, समाजसेवी एवं बुद्धिजीवि वर्ग लगायत सरोकारवाला निकायहरुको व्यापक सहभागिताका लागि कार्यक्रम आयोजना हुने मिति, स्थान र समयको बारेमा पालिकाको वेवसाईट, फेसबुक पेज, सार्वजनिक स्थानमा सूचना टाँस, निमणत्रणा पत्र, सबै वडा र टोलहरुमा माईकिङ्ग, पत्राचार एवं सार्वजनिक अनलाईन माध्यामबाट कार्यक्रमको आयोजना हुनु ७ (सात) दिन अगावै संस्थाका कर्मचारी एवं स्वयंसेवकहरुबाट व्यापक मात्रामा प्रचार-प्रसार गरिएको थियो । विशेष गरी वडा, पालिका र आयोजक संस्थाको तर्फबाट सहभागिताका लागि सबैलाई सूचना प्रवाह र आमन्त्रण गरिएको थियो । यसका साथै सामाजिक संजालको माध्यामबाट समेत सबैलाई जानकारी गराईएको थियो ।

**३.५ सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना :** खजुरा गाउँपालिकाको प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम खजुरा गाउँपालिकाको वडा नं.०३ बि गाउँमा निर्माणाधीन नयाँ प्रशासकीय भवनको प्राङ्गणमा २०८१ साल फाल्गुन ०३ गते आइतबारका दिन दिउँसो २:३० बजे देखि प्रमुख जवाफदेही वक्ता खजुरा गाउँपालिकाका अध्यक्ष श्री डम्मर बहादुर वि.क.ज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । जसमा अन्य जवाफदेही वक्तामा, उपाध्यक्ष श्री मञ्जु मल्ल, प्रमुख प्रशासकीय अधिकृत श्री बस बहादुर ऐडी, वडा नं.०३ का वडा अध्यक्ष श्री पूर्ण बहादुर भण्डारी, वडा नं.०४ का अध्यक्ष श्री टेक बहादुर रोकाक्षेत्री, वडा नं.०७ का अध्यक्ष श्री राम गोपाल यादव, कार्यपालिका सदस्य कृष्ण कुमारी पोखेल वि.क., कार्यपालिका सदस्य पार्वती विश्वकर्मा, वडा सदस्यज्यूहरु, लेखा अधिकृत श्री प्रदिप सुनार, शिक्षा युवा तथा खेलकूद विकास शाखा प्रमुख श्री खगेन्द्र बहादुर मल्ल, स्टोर शाखा प्रमुख श्री दिपक ढकाल, पूर्वाधार विकास शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख श्री लक्ष्मी के.सी., कृषि शाखाका श्री भगवती खडका घर्तीमगर, नागरिक आरोग्य सेवा केन्द्रका कविराज, श्री किरण खनाल, इन्जियर श्री सोनु शाह, योजना शाखा प्रमुख श्री केशव बुढा, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख श्री शुशिला न्यौपाने, सूचना प्रविधि शाखाका प्रमुख श्री शुरेश साहु, उद्यम विकास शाखाका श्री आशा चौधरी, लगायतको उपस्थितिमा महत्वपूर्ण सवाल र बिषयहरुमा जवाफदेही निकायका पदाधिकारी तथा सेवाग्राही नागरिकहरु बीच आमुन्ने सामुन्ने वसी खुल्ला छलफल, बहस, रचनात्मक सुझाव र प्रश्न एवं जिज्ञासाहरुमा सार्वजनिक सुनुवाईको कार्यक्रम सम्पन्न गरिएको थियो ।

यस सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिक एवं सरोकारवालाहरुले पालिकाका जवाफदेही पदाधिकारीहरु समक्ष निर्धक्कका साथ गाउँपालिका, विषयगत शाखा र वडा कार्यालयले प्रवाह गर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरियता विषयमा सवाल/प्रश्न, जिज्ञासा र सल्लाह सुझावहरु दिएका थिए भने जवाफदेही पदाधिकारीहरुबाट प्रश्न, जिज्ञासा र सवालहरुको जवाफ एवं सुधार गर्नुपर्ने विषयमा नीतिगत सुधार सहितको ७ (सात) बुँदे प्रतिवद्धता समेत जाहेर गरिएको थियो ।

### ४. सुनुवाई गरिएका विषयवस्तुहरु :-

- गाउँपालिका, वडा तथा विषयगत शाखा कार्यालयले प्रवाह गर्ने सेवा सुबिधाको प्रभावकारिता ।
- गाउँपालिका कार्यालयको पारर्दशिता ।
- गाउँपालिकाले गरेका विकास निर्माण सम्बन्धी कार्यको गुणस्तरीयता सम्बन्धी ।
- गाउँपालिका तथा वडामा प्राप्त जनगुनासो संकलन र त्यसको यथोचित सम्बोधन ।
- नागरिक वडापत्रको र उजुरी पेटीकाको प्रभाबकारी प्रयोग ।
- लक्षित वर्गको कार्यक्रम ।
- सामाजिक सुरक्षा कार्यक्रम ।
- खेलकूद क्षेत्रको विकास, स्वास्थ्य, शिक्षा र युवा रोजगारी ।

**५. कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा)** : खजुरा गाउँपालिकाको दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम २०८१ साल फाल्गुन ०४ गते दिउँसो २:३० बजेदेखि ४:३० बजे सम्म जम्मा २ घण्टा सम्म संचालन भएको थियो ।

## ६. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न/सुझाव/जिज्ञासा र जवाफदेहि पदाधिकारीहरुको उत्तर :

| क्र.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागिको प्रश्न/गुनासो /सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र पद | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| १ | श्री बिजय गुरुङ्ग<br>खजुरा-०३, बाँके | १.जुडो हलको निर्माणका साथै सोको फिनिसिङ्ग र हलमा म्याट, विधुत लगायतको व्यवस्थाका लागि पालिलकाले किन उदासिनाता देखाएको हो ? | श्री डम्बर बहादुर वि.क.<br>(गाउँपालिका अध्यक्ष) | • प्रश्नका लागि धन्यवाद, पालिकाको तर्फबाट कर्भड हल निर्माण भई रहेको छ र छुट्टा-छुट्टै विद्याको खेलमा भन्दा एकै स्थानमा सबै विद्याका खेलकूद खेल्न र प्रतियोगिता संचालन गर्न मिल्ने पूर्वाधार निर्माणमा पालिकाको ध्यान केन्द्रित रहेको छ । जुडो हलको फिनिसिङ्ग, म्याट, विधुत लगायतका पूर्वाधार तथा सामग्रीहरुको व्यवस्थापनका लागि पालिकाको तर्फबाट आवश्यक कार्य गरिने छ । |
| | | २.पालिकाले आयोजना गर्ने खेलकूद प्रतियोगितामा वाहिरबाट खेलाडी ल्याउने विद्यालय/क्लबलाई कारबाही गरिनु पर्ने ? | श्री डम्बर बहादुर वि.क.<br>(गाउँपालिका अध्यक्ष) | • यस कार्यमा पालिकाको तर्फबाट आगामी दिनमा उचीत ध्यान दिईने छ र पालिकाको खेलाडीहरुलाई प्रोत्साहन गरिने छ । |
| | | ३.क्लबहरुलाई इभेन्ट बनाउन रकम किन दिईन्छ ? पालिकाले किन खेलाडी उत्पादनका लागि रकम लगानी नगरेको | श्री डम्बर बहादुर वि.क.<br>(गाउँपालिका अध्यक्ष) | • विगत देखि आयोजना भई रहेका खेलकूद प्रतियोगिता क्लबबाट संचालन गरिएको हो र पालिकाको तर्फबाट खेलाडी उत्पादनका लागि पनि क्रमशः लगानी बढाउँदै लगिने छ । |
| | | ४.राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेलकूद प्रतियोगितामा पदक प्राप्त गरेका खेलाडीहरुलाई पालिकाको तर्फबाट सम्मान, पुरुस्कार र रोजगारीको अवसरका लागि पालिकाको के योजना रहेको छ ? | श्री डम्बर बहादुर वि.क.<br>(गाउँपालिका अध्यक्ष) | • पालिकाको तर्फबाट ४.राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेलकूद प्रतियोगितामा पदक प्राप्त गरेका खेलाडीहरुलाई पालिकाको तर्फबाट सम्मान गरिएको छ र उनीहरुलाई पालिकामा कुनै त्यस्तो रोजगारीका अवसर प्राप्त भएमा रोजगारीमा प्राथमिकता दिइने छ । |
| २ | श्री उज्जवल वि.सी.<br>खजुरा-४, बाँके | १.इ गाउँको नालीमा ढक्कन नभएकोले फोहोर मैला भरिएर नाली थुनिदा दुर्गन्ध र डुवानको समस्या आएको छ, यसमा पालिका र वडाको ध्यान किन नगएको होला ? | श्री डम्बर बहादुर वि.क.<br>(गाउँपालिका अध्यक्ष) | • निर्माण भएका नालीमा ढक्कन तथा नालीको सरसफाईमा वडा तहबाट पनि काम गर्न सकिने अवस्था त छ तर पनि वडालाई समस्या पन्छाएर पालिका बस्न मिल्दैन यसमा पालिकाको ध्यानाकर्षण भएको छ । नालीमा ढक्कन सहित नालीको सरसफाईका लागि आवश्यक काम गरिने छ । |
| | | २. डि गाउँ देखि इ गाउँ सम्म जोड्ने बाटो टिप्परका कारणले भत्किएर हिडन नमिल्ने अवस्था भएको २ वर्ष भई सक्यो | श्री डम्बर बहादुर वि.क.<br>(गाउँपालिका अध्यक्ष) | • यो सडक लुम्बिनी प्रदेश सरकारको लागतमा निर्माण भएको हो र यसको मर्मत सम्भारका लागि सम्बन्धित पक्षसँग पत्राचार गरिएको छ । हाल सम्म पनि कुने सुनुवाई नभएको हुँदा यसको मर्मत |

| | | | | |
|---|---|---|---|---|
| | | अहिले सम्म किन मर्मत सम्भार हुन सकेको छैन किन ? | | सम्भारको कार्य चाँडै नै गरिने छ । |
| ३ | श्री शेर बहादुर गुरुङ्ग खजुरा-३, बाँके | १.प्रशासकीय भवन कहिले निर्माण सम्पन्न हुन्छ ? | श्री बस बहादुर राना (गाउँपालिका अध्यक्ष) | • प्रशासकीय भवन निर्माणको कार्य ८० प्रतिशत सम्पन्न भएको छ । ठेकेदार कम्पनीलाई पालिकाको तर्फबाट आवश्यक ताकेता गरिएको छ । पालिकाको हाता भित्र पार्किङ्ग, बाउण्ड्री वाल र चमेना गृह निर्माण भई सकेको छ । यसै आ.व.मा पालिकाको प्रशासकीय भवन निर्माणको कार्य सक्ने योजना रहेको छ । |
| | | २. गाई भैंसी पालन गर्ने किसानलाई घाँसको बिउँ वितरण गरिएको तर गुणस्तरीय नभएको । | श्री बस बहादुर राना (गाउँपालिका अध्यक्ष) | • बिउँ बिजनको आधिकारीक प्रमाण पाएको फर्मसँग बिउँ गरिद गरिएको हो । यसमा किसानबाट गुणासो आएको हुँदा सम्बन्धित पक्षलाई रकम भुक्तानी नगरी अन्य गुणस्तरीयताको प्रमाण माग गरिएको छ र यसमा कैफियत भएमा कारबाहीको प्रक्रिया अगाडी बढाईने छ । |
| | | ३. बि गाउँको बाटो मर्मत किन नभएको होला ? | श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष) | • बि गाउँ लगायत अन्य सडक र बाटोको मर्मतको लागि काम गरिने छ र यसको प्रक्रिया चाँडै नै अगाडी बढाईने छ । |
| ४ | श्री भिम बहादुर रानामगर खजुरा-३, बाँके | १. गाउँपालिकाले सार्वजनिक सुनुवाईमा प्रतिवद्धता गरे अनुसारको कार्यप्रगति/सुधारको अवस्था के छ ? | श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष) | • पहिले गरिएका प्रतिबद्धताहरुको आधारमा पालिकाले प्रवाह गर्ने सेवा सुविधा र विकास निर्माण कामलाई सुधार गर्दै लगिएको छ र धेरै जसो प्रतिबद्धता कार्यान्वयन भई सकेका छन् केही कार्यान्वयनको चरणमा रहेका छन् र यहाँहरुबाट प्राप्त भएको रचनात्मक सल्लाह, सुझाव, गुनासो, सवाल, समस्या र प्रश्नलाई पालिकाले सधै उच्च प्राथकिता दिई नीतिगत प्रबन्ध सहित कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गर्दछु । |
| | | २. आदिवासी जनजाती पिछडा वर्गको उत्थान र विकासको लागि भनेर बजेट तथा कार्यक्रम आउँछ तर किन बाहिर जान्छ ? | श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष) | • आदिवासी जनजाति तथा पिछडा वर्गको समुचित विकासको लागि यस पालिकाको तर्फबाट कार्यक्रमहरु भई रहेको छ र कुनै पनि कार्यक्रम वाहिर गएको छैन् । कार्यक्रम संचालन पालिकाका विषयगत शाखाहरुबाट संचालन भएका छन् । |
| | | ३. यहाँको युवाहरुलाई बैदेशिक रोजगारीका लागि विदेश जानु पर्दैन भन्ने कुरा थियो अहिले के छ अवस्था ? | श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष) | • युवाहरुलाई रोजगारीको अवसर स्थानीय तह/सरकारले मात्रै प्रदान गर्न नसक्ने नभएर प्रदेश र संघीय सरकारको पनि प्राथमिकतामा रहनु पर्दछ । पालिकाको तर्फबाट पनि विभिन्न विषयमा सिपमुलक एवं आयमुलक तालिम कार्यक्रमरु संचालन गरी युवाहरुलाई स्वरोजगारीका लागि सक्षम बनाउने कार्य भई रहेको छ । |
| | | ४. पालिकाको गाडी तथा सवारी साधनको व्यक्तिगत प्रयोजनमा प्रयोग भएको छ यसको नियन्त्रणमा के धारणा छ ? | श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष) | • आज सम्म कुनै पदाधिारी एवं कर्मचारीहरुले पालिकाको गाडी आफ्नो व्यक्तिगत प्रयोजनमा प्रयोग नगरेको र कार्यालयको कामको लागि मात्रै प्रयोग गरिएको छ । पालिकाको सवारी साधनहरु आगामी दिनमा अझैं व्यवस्थित र मितव्ययी तवरले प्रयोग गरिने छ । |

| | | | | |
|---|---|---|---|---|
| | | ५. कार्यक्रम दिंदा भेदभाव किन गरिन्छ ? | श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष) | • पालिकाको तर्फबाट कुनै कसैलाई राजनीतिक एवं अन्य कारणले भेदभाव गरिएको छैन् र यमा ढुक्क भएर पालिकामा आफ्ना समस्या, गुनासा र कार्यक्रम लिएर आउनका लागि हार्दिक अनुरोध छ । पालिकामा सिमित स्रोतका कारणले सबै समस्या समाधान हुन नसकेको हुन्छ तर क्रमश: समाधान गरिदै लगिने छ । |
| ५ | श्री विविध पुनमगर खजुरा-२ | १.सार्वजनिक जग्गा/सम्पतीको संरक्षण किन भई रहेको छैन ? सार्वजनिक जग्गाको माटो अवैध ढंगले चोरी निकासीमा पालिकाले नियन्त्रण किन नगरेको ? | श्री मन्जु मल्ल (गाउँपालिका अध्यक्ष) | • पालिकासँग हाल नगर प्रहरी नभएको कारणले गर्दा सार्वनिक क्षेत्रमा हुने अवैध माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको चोरी निकासीमा नियन्त्रण गर्न समस्या पैंदा भएको छ । पालिकाको तर्फबाट सार्वजनिक जग्गा/सम्पतीको लगत संकलनको कार्य गरेर त्यसको संरक्षण र उपयोग गरिने छ र चाँडै नै नगर प्रहरीको व्यवस्थापन गरिने छ । |
| | | २. यो गाउँपालिका भित्र जनुसुकै तहका सरकारले विकास निर्माण सम्बन्धी काम गर्दा किन योजना सूचना पार्टी लगाईदैन् ? यो तुरुन्त लगाउने व्यवस्था गरियोस् | श्री सोनु सिंह (इन्जिनियर एवं पूर्वाधार विकास शाखा प्रमुख) | • हाल खजुरा गाउँपालिकाले निर्माण गर्ने विकास निर्माण सम्बन्धी काममा काम शुरु हुने वित्तिकै योजना सूचना पाटी लगाउन अनिवार्य गरिएको छ । निर्माण व्यवसायीलाई योजना सूचना पाटी आयोजना स्थलमा नराखे सम्म कुनै पनि किसिमको भुक्तानी गरिएको छैन् र यसको अनुगमन मुल्याङ्कन प्रभावकारी गरिएको छ । |
| | | ३. खजुरा गाउँपालिकाले शहरी क्षेत्रका विभिन्न स्थानहरुमा हाईमास्ट लाईट जडान गरेको छ तर त्यसको विल भुक्तानी भएको छ वा छैन् ? | श्री बस बहादुर राना (गाउँपालिका अध्यक्ष) | • हाल पालिकाले कुनै पनि प्रकारको विधुतिय विल भुक्तानी हु बाँकी नरहेको र जुन स्थानमा हाईमास्ट लाईट जडान भएको हो त्यहीँ वडा र व्यापारीहरुले बिल भुक्तानी गर्ने गरी जडान भएका छन् र त्यसको व्यवस्थापन सम्बन्धित वडाको अगुवाईमा हुनेछ । |
| | | ४. पालिकाको तर्फबाट रोलर, जेसिवी लगायतका हेभी इक्युमेन्ट खरिद गर्दा कति खर्च भएको छ ? यसबाट कति फाईदा पुगेको छ ? | श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष) | • यसको विस्तृत विवरणका लागि पालिकामा आएर सूचना माग गर्नुहुन अनुरोध गर्दछु । |
| | | ५. पुरानो बस्ती धौलागिरी डाडागाउँमा किन बाटो नबनेको हो र कहिले बन्छ ? | श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष) | • आगामी वर्ष उक्त स्थानमा हजुरहरुले उठाएको समस्या समाधान हुने गरी काम गरिने प्रविद्धता जाहेर गर्दछु । |

**७. सार्वजनिक सुनुवाई कार्यक्रममा उठाईएका मुख्य-मुख्य सवालहरु :** यस खजुरा गाउँपालिकाको प्रथम चौमासिक सुनुवाई कार्यक्रममा उपस्थित सहभागीहरुले खेलकूद क्षेत्र र राष्ट्रिय, अर्न्तराष्ट्रिय खेलकूद प्रतियोगितामा पदक प्राप्त गरेका खेलाडीहरुलाई पालिकाको तर्फबाट सम्मान, पुरुस्कार र रोजगारीको अवसर, खेलकूदका पूर्वाधारहरुको निर्माण ( जुडो हल निर्माण), भौतिक पूर्वाधार विकास अर्न्तगत सडक, पुल पुलेसा आदिको गुणस्तर, कृषि, पशुपन्छी, मल, बिउँ, शिक्षाको गुणस्तर सुधार, स्वास्थ्य, खानेपानी, लक्षित वर्ग उत्थान, विकास, सशक्तिकरण र रोजगारी सिर्जना, फोहोर मैला व्यवस्थापन, बजार व्यवस्थापन, युवाहरुमा बढ्दो मात्रामा रहेको लागु औषध दुर्व्यसनको न्यूनीकरण, युवा स्वरोजगार, भत्किएका सडक तथा बाटोहरुको समयमा नै मर्मत संभार र सेवा प्रवाह लगायतका सर्न्दभमा उपस्थित पालिकाबासीहरुले सुझाव, जिज्ञासा, प्रश्न तथा गुनासो राखेको थिए ।

**८. सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिवद्धताहरु र यसको सार्वजनिकरण :** सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुले उठाएका प्रमुख सवाल तथा विषयहरु दिएका सुझाव, गुनासो तथा सुनुवाई कार्यक्रममा सोधिएका प्रश्न तथा जवाफदेही पदाधिकारीहरुबाट व्यक्त जवाफको आधारमा सुधारको ७ (सात) बुँदे साझा सार्वजनिक प्रतिवद्धता गरिएको थियो । पालिकाको तर्फबाट गरिएको प्रतिवद्धताहरुलाई सार्वजनिक संचारका माध्यामहरु र पालिकाको वेबसाईट मार्फत् सबैले जानकारी पाउँने गरी सार्वजनिक गरिएको थियो । जुन अनुसूची १ मा राखिएको छ ।

**९. सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिती विवरण :** खजुरा गाउँपालिकाको आयोजना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) बाँकेको सहजीकरणमा सम्पन्न भएको प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम पालिकाका जनप्रतिनिधिहरु, पूर्वजनप्रतिनिधिहरु, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि एवं प्रमुख, टोल विकास संस्थाका प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, सामुदायिक वन उपभोगता समुह र सबै वडाका सरोकारवाला एवं नागरिकहरुको सहभागिता रहेको थियो । जुन देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स. | महिला | पुरुष | जम्मा | दलित | जनजाति | मधेशी/मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | ६५ | ७५ | १४१ | ३१ | ४५ | १८ | ४७ |

**१०. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित जवाफदेही पदाधिकारीहरु :** मिति २०८१ साल फाल्गुन ०४ गतेका दिन भएको कार्यक्रममा देहाय बमोजिमका जवाफदेही वक्ता/पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

| क्र.स. | नाम थर | कार्यालय, संस्था, समुहको नाम वा ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री डम्मर बहादुर वि.क. | खजुरा गाउँपालिका | अध्यक्ष | |
| २ | श्री मञ्जु मल्ल | ,, ,, | उपाध्यक्ष | |
| ३ | श्री बस बहादुर राना | ,, ,, | प्र.प्र.अ. | |
| ४ | श्री पूर्ण बहादुर भण्डारी | खजुरा गाउँपालिका वडा नं.०३ | वडा अध्यक्ष | |
| ५ | श्री टेक बहादुर राना क्षेत्री | खजुरा गाउँपालिका वडा नं.०४ | वडा अध्यक्ष | |
| ६ | श्री रामगोपाल यादव | खजुरा गा.पा.वडा नं.०७ | वडा अध्यक्ष | |
| ७ | श्री फिरोज खान | खजुरा गा.पा.वडा नं.०८ | वडा अध्यक्ष | |
| ८ | श्री पार्वती विश्वकर्मा | खजुरा गा.पा. | कार्यपालिका सदस्य | |
| ९ | श्री कृष्णकुमारी पोखेल वि.क. | खजुरा गा.पा. | कार्यपालिका सदस्य | |
| १० | श्री रामगोपाल यादव | खजुरा गा.पा.वडा नं.०७ | वडा अध्यक्ष | |
| १० | श्री फिरोज खान | खजुरा गा.पा.वडा नं.०८ | वडा अध्यक्ष | |
| ११ | श्री बिष्णु सुनार | खजुरा गा.पा. | कार्यपालिका सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १२ | श्री प्रदिप सुनार | खजुरा गाउँपालिका | वरिष्ठ लेखा अधिकृत | |
| १३ | श्री खगेन्द्रबहादुर मल्ल | शिक्षा युवा तथा खेलकूद विकास शाखा | शाखा प्रमुख | |
| १४ | श्री सोनु शाह | पूर्वाधार विकास शाखा | शाखा प्रमुख/इन्जिनियर | |
| १५ | श्री दिपक ढकाल, | जिन्सी शाखा | शाखा प्रमुख | |
| १६ | श्री केशव बुढा | योजना शाखा | शाखा प्रमुख | |
| १७ | श्री लक्ष्मी के.सी | स्वास्थ्य शाखा | शाखा प्रमुख | |
| १८ | श्री शुरेश साहु, | सूचना प्रविधि शाखाक | शाखा प्रमुख | |
| १९ | श्री शुशिला न्यौपाने | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाका | शाखा प्रमुख | |
| २० | श्री किरण खनाल | नागरिक आरोग्य सेवा केन्द्रका | कविराज | |
| २१ | श्री नर्वदा दाहाल | पञ्जिकरण शाखा | एम.आइ.एस.अपरेटर | |
| २२ | श्री भगवती खडका घर्तीमगर | कृषि विकास शाखा | कृषि विकास शाखा | |
| २३ | श्री आशा चौधरी | उद्यम विकास शाखा | उद्यम विकास सहजकर्ता | |

**१०. सार्वजनिक सुनुवाई कार्यक्रमको उपलब्धिहरु :** खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता सम्बन्धमा प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात देहायका उपलब्धिहरु हासिल भएको देखिन्छ ।

- खजुरा गाउँपालिका, वडा कार्यालय र विषयगत कार्यालयहरुबाट गरिएका काम र महत्वपूर्ण कार्यप्रगतिको बारेमा आम खजुराबासी नागरिकहरु लगायत सम्पूर्ण सरोकारवाला पक्षलाई जानकारी प्राप्त भएको छ र पालिकाको कामको सकारात्मक सन्देश प्रवाह भएको छ ।
- खजुरा गाउँपालिका, वडा कार्यालय र विषयगत कार्यालयले प्रदान गर्ने सेवा र सुबिधाका तथा विकास निर्माण सम्बन्धी कार्यको बारेमा प्रमुख जिम्मेवार पदाधिकारीसँग बृहत एवं खुल्ला छलफल र बहस गरी आम खजुराबासी नागरिकको अभिमत र धारणा बुझ्ने अवसर प्राप्त भएको छ ।
- स्थानीय जनसमुदायका समस्या, गुनासो, सवाल तथा रचनात्मक सुझावहरु प्राप्त भएको छ । आगामी दिनमा गाउँपालिकाले सुधार गर्नुपर्ने क्षेत्र र सम्बोधन गर्नुपर्ने नागरिकका महत्वपूर्ण सवालहरु पहिंचान भएका छन् ।
- समग्रमा पालिकाको सुशासन र सार्वजनिक जवाफदेहिता प्रवर्द्धनमा टेवा पुगेको छ । साथै पालिका र नागरिक बीचमा रहेको दुरीलाई नजिक बनाउने तथा सेवाग्राही नागरिक र सेवा प्रदायक बीचको आत्मिय सम्बन्ध कायम भएको छ ।
- गाउँपालिकाले प्रदानगर्ने सेवा सुबिधाको प्रभाबकारिता र विकास निर्माण कार्यको बारेमा आम नागरिक एवं सरोकारवाला पक्षहरुबाट रचनात्मक पृष्ठपोषण, सल्लाह तथा सुझावहरु प्राप्त भई पालिकाको तर्फबाट आगामी दिनमा गर्नुपर्ने कामहरुको योजना निर्माणमा सहयोग पुगेको छ ।
- पालिका, वडा कार्याालय र विषयगत कार्यालयहरुले वहन गर्नुपर्ने नागरिक उत्तरदायित्व बृद्धि हुने र पालिकालाई जनमैत्री र शुसासनयुक्त पालिका बनाउन महत्वपूर्ण भूमिका खेल्ने ।
- गाउँपालिकाले सेवाग्राहीबाट आएका गुनासो सुनुवाई गर्न तत्काल र दीर्घकालिन रुपमा गर्नुपर्ने ७ (सात) बुंदे प्रतिवद्धताको घोषणा गरिएको छ ।

**९.सुझाव तथा निष्कर्ष :** खजुरा गाउँपालिकाले दोस्रो पटक भएको स्थानीय तहको निर्वाचन पश्चात दोस्रो कार्यकालका लागि निर्वाचित भई आएका जनप्रतिनिधिहरुले पहिलो कार्यकालको जनप्रतिनिधिहरुले पहिलोार्यकालमा अगाडी सारेका र खजुरा गाउँपालिकालाई दिर्घकालिन रुपमा प्रतिफल प्रदान गर्ने वहुवर्षिय योजनाहरुलाई समयमा नै सम्पन्न गर्नका लागि यथेष्ठ रुपमा बजेट विनियोजन गरेको छ ।

यस गाउँपालिकालाई सुशासनयुक्त, पारदर्शि र जनमैत्री पालिका बनाउन नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, गुनासो पेटिका, स्थानीय न्यायिक समिति मार्फत स्थानीय स्तरमा हुने साना प्रकारका विवादहरुको निरुपण समयमा नै सम्पन्न गर्न र मेलमिलापकर्ताकहरुको क्षमता विकास, विकास निर्माण कार्यको गुणस्तरीयता कायम राख्न योजना स्थलमा सार्वजनिक सूचना पाटीको व्यवस्था, सार्वजनिक परिक्षण, पालिका स्तरीय मूल्याङ्कन तथा अनुगमन समितिको तर्फबाट नियमित रुपमा अनुगमन मूल्याङ्कन लगायतका कार्य गरेको पाईन्छ, भने विकासको दृष्टिकोणले पछाडि परेको समुदायको सघन वस्ती रहेको क्षेत्र र विकट स्थानलाई पहिलो प्राथमिकता राखी विकास निर्माणको कार्य अगाडी बढाएको छ । गाउँपालिकाको कार्यालयमा सबै विषयगत शाखाहरुको स्थापना र सोही शाखामार्फत आफ्नो क्षेत्राधिकार भित्रमा पर्ने कामहरु गर्नका लागि उत्तरदायी बनाईएको देखिन्छ । आगामी दिनमा पालिकाले प्रवाह गर्ने सेवा सुविधाको प्रभावकारीता अभिबृद्धि गर्न र विकास निर्माणको कार्यलाई अझै गुणस्तीय, दीगो, व्यवस्थित, जनमैत्री एवं पारदर्शी बनाउन देहाय बमोजिमको नीतिगत व्यवस्था एवं कार्यहरु गर्न आवश्यक देखिन्छ ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम पालिकाले चौमासिक अवधिमा नियमित बर्षमा ३ ओटा गर्नुपर्ने देखिन्छ ।
२. सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ ।
३. कार्यक्रममा सबै वडाका वडा अध्यक्ष र विषयगत शाखा प्रमुखहरुको अनिवार्य सहभागिता रहने गरी समन्वय गर्नुपर्ने ।
४. पालिकाको तर्फबाट नागरिक अभिमत सर्वेक्षण गरिनुपर्ने ।
५. पालिका र सबै वडा कार्यालयहरु नागरिक वडापत्र राखि समय-समयमा अध्यावधिक गरिनु पर्ने ।
६. पालिकाले सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि निर्माण गरी सोही बमोजिमको कार्य गर्नुपर्ने ।
७. पालिकाले सबै सरोकारवालहरुसँगको सहकार्य र साझेदारीमा काम गर्नुपर्ने तथा सोका लागि सार्वजनिक नीजि साझेदारी/साझेदारी सम्बन्धी कार्यविधि र ऐन निर्माण गर्नुपर्ने ।
८. लक्षित वर्गको उत्थान, विकास र सशक्तिकरणका लागि ऐन र कार्यविधि निर्माण गरी सोहि ऐन बमोजिम काम गर्नुपर्ने ।
९. पालिकाले सबै क्षेत्रको यथोचित विकास गर्न दिर्घकालिन योजना (मास्टर प्लान), आवधिक योजना र मध्ययमकालिन खर्च संरचना तयार गरी सोही बमोजिम वार्षिक नीति, कार्यक्रम र बजेट तर्जूमा गरी कार्यान्वयन गरिनुपर्ने ।
१०. मानवीय एवं सामाजिक पूँजी निर्माण र आर्थिक विकासमा उचीत ध्यान दिईनुपर्ने ।

## अनुसूची-१
## सार्वजनिक सुनुवाई कार्यक्रममा जारी गरिएको प्रतिवद्धताहरु:

खजुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरा, बाँके
(लुम्बिनी प्रदेश,नेपाल)
मिति : २०८१/११/०४ गते

**स्थान : खजुरा गाउँपालिका वडा नं.०३, नवनिर्मित पालिकाको प्रशासकीय भवनको प्राङ्गण ।**

**आ.व.२०८१/०८२ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिवद्धता**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सुशासन (व्यवस्थापन तथा सञ्चाल) ऐन, २०६४ को दफा (३०) को उपदफा (१) तथा नेपालको प्रचलित कानून वमोजिम यस खजुरा गाउँपालिकाको सुशासन र जवाफदेहिता प्रवर्द्धनका लागि आवश्यक पर्ने सम्पूर्ण कार्यहरु नियमित एवं व्यवस्थित तवरले सम्पादन गरी सुशासनयुक्त पालिका बनाईनेछ ।

२. गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयमा नागरिक वडा पत्र, गुनासो/सुझाव पेटीका र सूचना पार्टीको उचीत व्यवस्थापन गर्दै नियमित रुपमा अध्यावधिक गरिने छ ।

३. गाउँपालिकामा समग्र खेलक्षेत्रको विकास तथा राष्ट्रिय एवं अन्तराष्ट्रिय प्रतियोगितामा भाग लिई पदक (मेडल) प्राप्त गरी पालिकाको पहिचान स्थापित गर्ने जुडो खेल लगायत अन्य खेल र खेलाडीहरुको सम्मान, प्रोत्साहन र रोजगारीका लागि सबै सरोकारवालाहरुको सहभागितामा खेलकूद विकास गुरुयोजना निर्माण गरी सबै विधाका खेलकूदको समुचित विकास गरिने छ ।

४. अत्यन्तै जिर्ण अवस्थामा रहेको खजुरा गाउँपालिका वडा नं.०४ को डि गाउँदेखि ई गाउँ हुँदै बैजनाथ गाउँपालिका जोड्ने अर्न्तपालिका सडक लगायत पालिका भित्रका अन्य जिर्ण अवस्थामा रहेका बाटो तथा सडकहरुको समयमा नै मर्मत सम्भार गरिने छ । साथै पालिकाको क्षेत्राधिकार वाहेकका सडक तथा बाटोहरुको मर्मत संम्भारका सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने छ ।

४. लक्षित वर्ग र समुदायको उत्थान, विकास, सशक्तिकरण एवं स्वरोजगार बनाउन लक्षित वर्गको माग र आवश्यकतामा आधारित योजना तथा कार्यक्रम तर्जूमा गरी यी वर्गको पूर्ण सहभागितामा कार्यक्रम कार्यान्वयगर्न आवश्यक नीतिगत प्रबन्ध गरिने छ ।

५. गाउँपालिकामा युवावर्गमा विकराल बन्दै गरेको लागु औषध दुर्व्यसनीको न्यूनिकरण एवं निराकरणका लागि यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.(NGO/INGOs), नेपाल प्रहरी, क्लब तथा खेलाडी, राजनीतिक दल, समाजसेवी लगायत, शिक्षक अभिवावक, संचार जगत लगायत सबै सरोकारवालहरुसँगको सहकार्य र साझेदारीमा अभियानात्मक कार्यक्रम संचालन गरिने छ ।

६. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको समस्या समाधानका लागि केन्द्रिय तथा जिल्ला भूमि समस्या समाधान आयोगसँग आवश्यक समन्वय र सहकार्य गरी लगत संकलन, अनलाईन ईन्ट्री, जग्गाको नापनक्शा लगायतका कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईने छ ।

बम बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

७. गाउँपालिकाको शहरी तथा शहरोन्मूख क्षेत्रको फोहरमैलाको उचीत एवं दीर्घकालिन व्यवस्थापनका लागि श्रोतमा नै प्रशोधन, संङ्कलन र विर्सजनथ्री-आर विधि (Recyle, Reuse and Reduce,3R) अवलम्वन लगायत ल्याण्डफिल साईट निर्माण कार्यका लागि पहल गरिने छ ।

| | | |
|---|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| नाम,थर : बस बहादुर राना | नाम,थर : मन्जु मल्ल | नाम,थर : डम्मर बहादुर वि.क. |
| पद : प्रमुख प्रशासकीय अधिकृत | पद : गाउँपालिका उपाध्यक्ष | पद : गाउँपालिका अध्यक्ष |

## अनुसूची-२
## सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

**अनुसूची-३**

**गाउँपालिकाले प्रदान गरेको सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता विषयमा गरिएको नागरिक प्रतिवेदन (Citizen Report Card) पत्रको नतिजा**

(सन्तुष्टि वा असन्तुष्टि जनाउने)

**अभिमत संकलन गरिएको संख्या : ७५ जना**

**प्रश्नावली भाग-१**

**१. सेवाको सन्तुष्टि**

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट (३०%) ठीकै (४०%) असन्तुष्ट (३०%)

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रतितपाई कतिको सन्तुष्ट हुनुहुन्छ?

सन्तुष्ट (५०%) ठीकै (५०%) असन्तुष्ट (०)

**२. सेवाको नियमितता**

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नु पर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (२०%) ठीकै (३०%) असन्तुष्ट (२०%)

२.२ कार्यालय नियमिति रुपमा (पदाधिकारी र कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) संचालन भएको छ भन्ने कुरामा कतिको विश्यस्त हुनुहुन्छ ?

विश्वस्त (३०%) ठीकै (५०%) अविश्वस्त (२०% )

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन (१००%) एकदमै कम (०) धेरै तिरेको (० )

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

१ दिन (३०%) २ दिन (५०%) धेरै दिन (२०% )

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस गाउँपालिकाले दिने सेवा प्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (४०%) ठीकै (६०%) अविश्वस्त (०)

३.२ यस कार्यलयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कतिको प्रचार गर्नु भएको छ ?

धेरै (३०%) ठीकै (४०%) गरेको छैन् (३०%)

३.३ यस कार्यालयमा कार्यरत कर्मचारी प्रति तपाई विश्वास कतिको छ ?

धेरै (३०%) ठीकै (७०%) विश्वास छैन (०)

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ (४०%) छैन् (१०%) अलिअलि थाहा छ (५०%) थाहा भएन (२०%)

**४. सेुवाको गुणस्तर**

४.१ कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (४०%) कम सन्तुष्ट (५०%) असन्तुष्ट (१०%)

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनु भयो ?

आफै (७०%) मध्यस्तकर्ता (०) गाउँका ठूलावडाको (३०%)

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?

१ पटक (२०%) २ पटक (७०%) सो भन्दा बढि (१०%)

**५. सेवा सम्बन्धी जानकारी**

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो (२०%) ठीकै (५०%) नराम्रो (३०%)

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ?

छ (१०%) आंशिक जानकारी छ (६०%) कुनै जानकारी छैन् (३०%)

५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो (४०%) ठीकै (६०%) खासै राम्रो छैन् (०)

५.४ गाउँपालिकाबाट संचालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?

२० प्रतिशत जति (४०%) ५० प्रतिशत भन्दा माथि (३०%) थाहा छैन (३०%)

५.५ सभाबाट कानुन बनाउँदा र कार्यपालिकामा नीति, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा गर्दा हुने छलफलमा तथा अन्तरक्रियामा समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ?

छ (४०%) ठीकै छ (५०%) प्रतिनिधित्व साह्रै कम छ (१०%)

**६. नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गरेका छन ?

धेरै (३०%) कम (४०%) गरेको छैन् (३०%)

६.२ तपाईको विचारमा गाउँपालिका वा यसका सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवाप्रदान गरेको जस्तो लाग्छ ?

धेरै (३०%) ठीकै (७०%) अतिकम (०)

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हद सम्म भएको छ ?

धेरै भएको छ (१०%) ठीकै भएको छ (६०%) भएकै छैन् (३०%)

## प्रश्नावली भाग - २

**१. सिफारिस सम्बन्धी**

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ (८०%) ठीकै पाएँ (२०%) स्पष्ट पाइँन (०)

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकमदिनु पऱ्यो ?

दिएँ (०) थोरै दिएँ (०) मागिएन र दिइएन पनि (१००%)

१.३ त्यहाँबाट दिने सिफारिस लिदाँ कसको सहयोग लिनु भयो ?

आफै (८०%) मध्यस्थकर्ता वा कार्यकर्ता एकै मान्छे (१०%) नेता/ठूला बडा (१०%)

१.४ राजस्व को-कससँग उठाउने गर्दछन ?

सबैसँग उठाउँछन (१००%) सिमित व्यक्तिसँग मात्र उठाउँछन (०) आयको आधारमा उठाउँछन (०)

१.५ शूल्क, सेवा दस्तुर को-कससंग उठाउने गर्दछन ?

सेवाग्राहीसँग उठाउने गरेका छन (१००%) कुनै-कुनै सेवाग्रहीसँग उठाउने गरेका छन (०)

**२. पूर्वाधार तथा सरसफाई सम्बन्धी**

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो (४०%) ठीकै (६०% ) खराब (०)

२.२ कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यस माथि कार्वाही कतिको गरिन्छ ?

तुरुन्तै हुन्छ (४०%) पटक पटक भनेपछि मात्रै हुन्छ (५०%) जति भने पनि हुन्न (१०%)

२.३ तपाईको विचारमा पालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम के-कस्तो किसिमले गर्छ ?

नियमित र राम्रोसँग (४०%) ठीकै गर्छ (५०%) नियमित रुपमा गर्दैन (१०%)

२.४ तपाईको पालिकामा विकास निमार्णको स्थिति कस्तो छ?

राम्रो (४०%) ठीकै (५०% ) खराव (१०%)

२.५ तपाईको पालिकाले संचालन गरेका आयोजनाहरु कतिको प्रभावकारी छन ?

प्रभावकारी छन् (३०%) ठीक छन् (६०%) प्रभावकारी छैनन् (१०%)

२.६ स्थानीय सरकारमा आयोजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज (४०% ) असहज (०) ठिकै (६०%) अप्ठ्यारो (०)

२.७ गाउँपालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन (१००%) मागेरै लिन्छन (०) रकम नदिए अप्ठ्यारो पार्छन (०)

२.८ आयोजना संचालन गर्दा गाउँपालिकाबाट प्राविधिक सहयोग कतिको पाउनु भयो?

सजिलै पाइयो (७०%) कहिले काँही पाइयो (३०% ) माग गर्दा पनि पाईएन (०)

२.९ विकास निमार्णको बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

सजिलै पाइन्छ (३०%) सोधे पछि पाइन्छ (६०%) सोधे पनि पाइदैन (१०%)

२.१० गाउँपालिकाबाट अचार संहिता पालना भएको छ ?

पालना भएको छ (३०%) ठीकै पालना भएको छ (४०%) पालना भएको छैन् (३०%)

२.११ आयोजना संचालन गर्दा गाउँपालिकाबाट कतिको सहयोग पाउनु भएको छ ?

धेरै सहयोग पाएको छु (२०%) ठीकै सहयोग पाएको छु (८०%) निरुत्साहित गरिन्छ (०)

**३. गाउँपालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन**

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध (२०%) कम श्रोत उपलब्ध (८०% ) अतिकम श्रोत उपलब्ध (०)

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल (२०%) ठीकै (८०% ) जटिल (०)

३.३ कार्यालयमा भएका कर्मचारीमा वित्त व्यवस्थापन र परिचालन सीप कस्तो छ?

आवश्यक सीप छ (९०%) आवश्यकता भन्दा कम छ (१०%) सीप निकै कम छ (०)

३.४ गाउँपालिकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

टाँसेको देखेको छु (२०%) कहिले काँही टाँसेको देखिन्छ (३०%) खै कतै देखिएन (५०%)

वेबसाईट र फेसबुक फेजमा देखिन्छ (२०%)

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

छ (४०%) ठीकै मूल्यांकन हुने गरेको छ (६०%) कहिले पनि भएको थाहा छैन् (०)

३.६ कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (२०%) ठीकै (४०%) कुनै जानकारी छैन् (४०%)

**४. पारदर्शिता सम्वन्धी**

४.१ यस गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र स्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु (३०%) ठिकै जानकारी पाएको छु (४०%) कम जानकारी पाएको छु (३०%)

४.२ गाउँपालिकाले निर्माण गरेका ऐन, नियम, नीति, निर्णय, बजेट तथा कार्यक्रम, कार्य प्रगति आदि सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?

हुने गरेको छ (५०%) हुने गरेको छैन् (२०%) जानकारी छैन् (३०%)

४.३ सार्वजनिक हुने माध्याम के-के हुन ?

वेबसाईट (३०%) सूचना पाटी (३०%) पत्रपत्रिका र मिडिया (१०%) सार्वजनिक सुनुवाई (३०%)

४.४ गाउँपालिकाको कार्यालयबाट तपाईंले चाहेको विवरण पाउँनु भएको छ ?

सहजै पाए (४०%) धेरै पटक भनेपछि पाए (५०%) पाइन (१०%)

**गाउँपालिकाले प्रदान गरेको सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता विषयमा गरिएको**

## सेवाग्राही बहिर्गमन अभिमत (Exit Poll) को नतिजा

सेवाग्राही बहिर्गमन अभिमत (Exit Poll) संकलन गरिएको संख्या : ७५ जना

खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको विषयमा खजुरा गाउँपालिकाको आ.व.२०८१/०८२ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउनका सेवाग्राही बहिर्गमन अभिमत (Exit Poll) पनि अत्यन्त आवश्यक रहेको हुन्छ । सार्वजनिक सुनुवाईलाई अझ प्रभावकारी र अर्थपूर्ण बनाउने अभिप्रायले सेवाग्राही बहिर्गमन अभिमत संकलन गरिएको छ । बहिर्गमन अभिमत ७५ जना सबै वडाका सेवाग्राहीबाट संकलन गरिएको थियो यस सम्पुर्ण पालिका वासीको प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको छ ।

| सि.नं. | सेवाको नाम | स्वःमूल्यांकन -उपयुक्तकोठामा रेजा ( ) लगाउने | | |
|---|---|---|---|---|
| १ | सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा के-कस्तो छ ? | अति स्पष्ट (३०%) | ठीकै (७०%) | अस्पष्ट (०) |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ? | अति धेरै (७०%) | ठीकै (३०%) | थेरै (०) |
| ३ | तपाईले प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण (६०%) | ठीकै (४०%) | अभद्र/अमर्यादित (०) |
| ४ | सेवाप्राप्तगर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क - दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरि दिए (४०%) | ठीकै (६०%) | अलमल हुने गरि अस्पष्ट सुचना दिए (०) |
| ५ | तपाईले राख्नु भएका समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए (४५%) | ठीकै (५५%) | समाधान दिन सकेनन् (०) |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो (छोटो) (४०% ) | ठीकै (६०%) | लामो (०) |

**७. कार्यालयको कुन-कुन पक्षहरु धेरै राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?**

- यसैगरी हामिले कार्यालयको कुन कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ? भनि प्रश्न सोधेका थियौ । जसमा राम्रा लागेका कुराहरु र सुधार गर्नुपर्ने विषयहरु यसप्रकार प्रस्तुत गरिएको छ ।

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| – कार्यालय परिसरमा सूचना पाटी राखिएको छ ।<br>– कार्यालयको सूचना पार्टीमा आवश्यक सबै सुचनाहरु राखिएका हुन्छन् ।<br>– गाउँकार्यपालिकाको कार्यालय सफा रहेको छ ।<br>– पालिका, विषयगत शाखा र वडा कार्यालयहरुमा कार्यरत सबै कर्मचारी मिलनसार र सहयोगी छन् ।<br>– सबै वडा कार्यालयहरुबाट आवश्यक पर्ने सबै सेवा प्रवाह गरिएको छ ।<br>– वडा स्तरमा स्वास्थ्य सेवा विस्तार गरिएको छ ।<br>– जनप्रतिनिधिहरु र आम नागरिक विच आवश्यक समन्वय हुने गरेको छ ।<br>– पालिकाले चालु आ.व. २०८१/०८२ मा रु.७८,००,९२,७५५।- (अक्षेरुपी अठहत्तर करोड बयानब्बे हजार सातसय पचपन्न रुपैयाँ) को कुल अनुमानीत बजेट तथा कार्यक्रम ल्याएको छ जसमा रु.८,९६,६४,६३९।-(अक्षेरुपी आठ करोड छ्यानब्बे लाख चौसट्टी हजार छसय उन्नान्चालिस) आन्तरिक श्रोत जुन ११.४९ प्रतिशत रहेको छ । | – पालिकामा रहेको नारिक वडा पत्रको नियमित रुपमा अध्यावधिक गरिनु पर्ने ।<br>– वडा कार्यालयमा नारिक वडा पत्रको राखिनु पर्ने र भएको वडामा नियमित रुपमा अध्यावधिक गरिनु पर्ने ।<br>– ढल निकास, विद्युत र भत्किएका सडकहरुको नियमित रुपमा मर्मत संम्भार गरिनु पर्ने ।<br>– पालिका तथा वडा कार्यालयमा समयमा नै जनप्रतिनिधिहरुको उपस्थिति हुनुपर्ने ।<br>– उपभोक्ता समितिबाट निर्माण भएका योजनाहरुको प्राविधिकबाट समयमा नै प्राविधिक मुल्याङ्कन गरी फरफारक गरिनुपर्ने ।<br>– बिजुली बत्तीको सुधार गरिनुपर्ने । (जिर्ण पोलको स्थानान्तरण, विस्तार र लो भोल्टेजको लागि ट्रान्सफर्मर जडान आदि)<br>– खानेपानी समस्याको समाधान र भएका खानेपानी आयोजनाको गुणस्तरमा ध्याँन दिनुपर्ने ।<br>– किसानहरुको अनुदान वितरणलाई पारदर्शी बनाईनु पर्ने ।<br>– लक्षित वर्गको आर्थिक सामाजिक रुपान्तरण हुने खालका |

– गाउँपालिकाले सबै वडाको न्यूनतम विकासका आवश्यकतालाई सम्बोधन हुने गरी बजेट विनियोजन गरेको छ ।

– गाउँपालिकाले पूवाधार विकास, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, वन तथा वातावरण, कृषि तथा पशुपन्छी विकास, महिला तथा वालवालिका, सहकारी, कानून तथा न्याय, आयुर्वेद, भूमि व्यवस्थापन, सहकारी लगायत सबै क्षेत्रको समुचित विकासका लागि यथोचित रुपमा बजेट विनियोजन र योजना तर्जूमा गरेको छ ।

– गाउँपालिकाले दीगो रुपमा प्रतिफल प्रदान गर्ने र स्थानीय स्तरमा रोजगारी सिर्जना हुने खालका बहुउद्देश्यीय सभा हल, शित भण्डार, फोहरमैला व्यव्स्थापन, बसपार्क, शहिद पार्क, अन्तरपालिका तथा वडाहरुलाई जोडने सडक, पुलपुलेसा, नयाँ प्रशासनीक भवन र पर्यटकीय क्षेत्रको विकास गर्ने खालका ठुला आयोजनाहरुको निर्माण गरेको ।

– विगतका क्रमागत योजनाहरुलाई सम्पन्न गर्न उच्च प्राथमिकता दिंदै प्रयाप्त बजेट विनियोजन र निर्माण कार्य पुरा गरिरहेको ।

– पालिकाले सुशासन, पारदर्शिता र जवाफदेहिता अभिबृद्धिका लागि आफ्नो वेभसाइटमा सबै सूचना तथा जानकारीहरु राखेको, नियमित रुपमा अध्यावधिक (Update) गरेको र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम समयमा नै गाउँ सभाबाट पारित गराई कार्यान्वयनमा लिएको छ ।

– यस पालिकामा न्यूतम शहरी पूर्वाधारहरुको विकास गर्दै पालिकालाई आवासीय, व्यवसायिक, पर्यटकिय, शैक्षिक, स्वास्थ्य, स्वच्छ, सुरक्षित एवं वातावरण मैत्री पालिका निर्माण गर्न यथेष्ट ध्यान दिईएको छ ।

– समयमा नै पालिकाको तर्फबाट विकास निर्माणको लागि टेण्डर (ठेक्का) आब्हान भएको छ ।

कार्यक्रमहरु संचालन गरिनु पर्ने ।

– किसानको कृषि उपज, दुध तथा पशुपन्छीको बजारीकरणमा आवश्यक कार्य गरिनु पर्ने ।

– युवाहरुलाई स्वरोजगार सिर्जना हुने र युवाको समग्र विकासमा टेवा पुग्ने खालका योजना तथा कार्यक्रम संचालन गरिनु पर्ने ।

– राजनितिक रुपमा पूर्वाग्रह नराखी काम गरिनु पर्ने ।

– विकास निमार्णका कार्यहरु समयमा नै सम्पन्न गरिनु पर्ने (बर्षाको समयभन्दा पहिला नै) ।

– सार्वजनिक सम्पतिको संरक्षणमा उचीत ध्याँन दिनु पर्ने ।

– टोल विकास संस्थालाई टोल स्तरमा हुने विकास निर्माणको कार्यमा परिचालन तथा क्षमता विकासमा ध्याँन दिईनु पर्ने ।

– गाउँपालिका तथा वडा कार्यालयबाट हुने तालिम तथा अन्य लक्षित वर्ग उत्थान सम्बन्धी कार्यक्रमको बारेमा सबैलाई जानकारी गरिनु पर्ने ।

– सकुम्बासी भूमिहिनलाई लालपुर्जा वितरण गरिनुपर्ने ।

– नागरिक वडापत्र सबैले देख्ने स्थानमा राखिनुपर्ने ।

**१. पशु सेवा शाखा**

– पशुमा देखिने रोगहरुका बारेमा टोलहरुमा जनचेतना गराउनु पर्ने ।

– पशु सेवा कार्यालयले दिने सेवाहरुका बारेमा नागरिक वडा पत्रमा उल्लेख गरी राख्नु पर्ने ।

– पशु सेवा कार्यालयले दिने खोपहरुका बारेमा आम सर्वसाधारणलाई जानकारी गराउनु पर्ने ।

– पशु सेवा कार्यालयले वितरण गर्ने अनुदानहरु वितरण गर्नु पूर्व टोल स्तरमा सूचना प्रवाह हुने व्यवस्था गरिनु पर्ने ।

**२.कृषि शाखा**

– कृषि शाखामा दक्ष जनशक्तिको

– कृषि शाखाले प्रवाह गर्ने सेवाहरुका बारेमा नागरिक वडा पत्रमा राखिनु पर्ने ।

– कार्यालय सरसफाई गरिनु पर्ने ।

– वितरण गरिने अनुदान तथा कृषि सम्बन्धी कार्यक्रमको वारेमा टोल स्तरमा सूचना प्रवाह हुने व्यवस्था गरिनु पर्ने ।

**३.स्वास्थ्य शाखा**

– टोलहरुमा घुम्ति शिविरको आयोजना गरि स्वास्थ सेवाका बारेमा जनचेतना अभिबृद्धि गरिनु पर्ने ।

– नागरिक वडा पत्र व्यवस्थापन गरिनु पर्ने ।

– स्वास्थ्य संस्थामा खानेपानीको तथा सरसफाईका सामग्रीहरुको उचित व्यवस्थापन गरिनु पर्ने ।

– सेवाग्राही प्रतिक्षालयको व्यवस्थापन गरिनु पर्ने ।

– विद्युतको उचित व्यवस्थापन गरिनु पर्ने ।

अनुसूची-३

# सार्वजनिक सुनवाईको समाचार प्रकाशन

यस प्रथम सार्वजनिक सुनुवाई कार्यक्रमको सामाचार न्यूज मानसरोवार अनलाईन दैनिक र समयपत्र दैनिक अनलाईन पत्रिका प्रकाशन भएको थियो ।

NEWS mansarovar

## खजुरा गाउँपालिकाले सम्पन्न गर्यो सार्वजनिक सुनवाई

न्युज मानसरोवर



**खजुरा** \बाँके स्थित खजुरा गाउँपालिकाले आइतबार आफ्नो प्रथम चौमासिक सार्वजनिक सुनवाई सम्पन्न गरेको छ ।



निर्माणकै क्रममा रहेको गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको प्रशासनीक भवनमा पसिरमा औपचारिक कार्यक्रम गर्दै गाउँपालिकाले सार्वजनिक सुनुवाई सम्पन्न गरेको हो । सार्वजनिक सुनुवाई मार्फत गाउँपालिकाले सात बुँदे प्रतिबद्धता जनाएको छ।



गाउँपालिकाले बाटोघाटो निर्माणमा तिब्रता दिइने, सबै कार्यालयमा नागरिक वडापत्र राखिने, आयोजनाहरुमा अनिर्वाय सूचना पार्टी राख्ने, लक्षित वर्गको कार्यक्रममा सबैलाई समेट्ने युवा स्वरोजगारीमा जोड दिने लगायतका सात बुँदे प्रतिबद्धता जनाएको हो ।



स्थानीयको सुझाव तथा गुनासोपछि गाउँपालिका अध्यक्ष डम्बर बिकले कार्यक्रममा उठेका प्रश्नहरुको गुनासो सम्बोधन गरेका थिए ।

विकले गाउँपालिकाले हरेक क्षेत्रका निम्ति कार्यहरु गरिरहेको दावि गरे ।



पछिल्लो समय पालिकाको हरेक जनतासँग प्रत्यक्ष जोडिएको क्षेत्रमा आवश्यक कार्यक्रमहरुका निम्ति आवश्यक रकम बिनियोजन गरेर कार्यान्वयनमा ल्याइएको अध्यक्ष बिकले उल्लेख गरे ।



कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मञ्जु मल्लले स्वागत गरेकी थिइन भने सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बस बहादुर रानाले हालसम्मको प्रगति विवरण प्रस्तुत गरेका थिए ।



खजुरा गाउँपालिकाको समन्वयमा कोहलपुरस्थित उत्पिडित सामुदायिक विकास केन्द्रले सहजीकरणमा उक्त सार्वजनिक सुनवाई कार्यक्रम गरिएको थियो ।

४ फाल्गुन २०८१

समयपत्र

Home › मुख्य समाचार

# खजुरा गाउँपालिकाद्वारा सात बुँदे प्रतिबद्धता

समयपत्र - २०८१ फाल्गुन ५ गते



3 Shares

खजुरा । बाँकेको खजुरा गाउँपालिकाको आइतबार प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्पन्न भएको छ । निर्माणकै क्रममा रहेको गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको प्रशासनीक भवनमा पसिरमा औपचारिक कार्यक्रम गर्दै सार्वजनिक सुनुवाई गरिएको हो ।

सार्वजनिक सुनुवाईमार्फत गाउँपालिकाले सात बुँदे प्रतिबद्धता सार्वजनिक गरेको छ । गाउँपालिकाले जारी गरेको सार्वजनिक प्रतिबद्धतामा बाटोघाटो निर्माणमा तिब्रता दिइने, सबै कार्यालयमा नागरिक वडापत्र राखिने लगायतका छन् । कार्यक्रममा गाउँपालिकाले गर्नुपर्ने बिशेष बिशेष कार्यहरुका बारेमा स्थानीयले सुझाएका थिए ।

स्थानीयको सुझाव तथा गुनासोपछि गाउँपालिका अध्यक्ष डम्बर बिकले कार्यक्रममा उठेका प्रश्नहरुको गुनासो सम्बोधन गर्नुभएको थियो । उहाँले गाउँपालिकाले हरेक क्षेत्रका निम्ति कार्यहरु गरिरहेको बताउनुभएको थियो ।

पछिल्लो समय पालिकाको हरेक जनतासँग प्रत्यक्ष जोडिएको क्षेत्रमा आवश्यक कार्यक्रमहरु बिनियोजन गरेर कार्यान्वयनमा ल्याइएको अध्यक्ष बिकले उल्लेख गर्नुभएको थियो ।

गाउँपालिका उपाध्यक्ष मञ्जु मल्लले स्वागत गर्नुभएको सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बस बहादुर रानाले हालसम्मको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।

खजुरा गाउँपालिकाको समन्वयमा कोहलपुरस्थित उत्पिडित सामुदायिक विकास केन्द्रले कार्यक्रमको सहजीकरण गरेको हो ।

Like 2
Facebook
Twitter

## अनुसूची-४

## प्रथम सार्वजनिक सुनुवाई कार्यक्रमका झलकहरु:



































स्थानीयतहको सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८१/११/०४
स्थान: खजुरा गाउँपालिकाको नयाँ प्रशासनीक भवन


चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८१/११/०४
स्थान: खजुरा गाउँपालिकाको नयाँ प्रशासनीक भवन


चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मितिः २०८१/११/०४
स्थानः खजुरा गाउँपालिकाको नयाँ प्रशासनीक भवन
सहजकर्ता
आयोजक
खजुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय


चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम


चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मितिः २०८१/११/०४
स्थानः खजुरा गाउँपालिकाको नयाँ प्रशासनीक भवन


चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मितिः २०८१/११/०४


स्थानीयतहको सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मितिः २०८१/११/०४
स्थानः खजुरा गाउँपालिकाको नयाँ प्रशासनीक भवन


स्थानीयतहको सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मितिः २०८१/११/०४
स्थानः खजुरा गाउँपालिकाको नयाँ प्रशासनीक भवन